भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

५ नं. प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७७।०१।२९*

भूमे गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम तोकिएका विद्यालयहरुमा कम्प्यूटर ल्याब, स्मार्ट बोर्ड स्थापना र बालमैत्री कक्षा व्यवस्थापन गर्न कम्प्यूटर, स्मार्ट बोर्ड र बालमैत्री कक्षा व्यवस्थापनका लागि फर्निचर लगायतका सामानहरु खरिद गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक फर्महरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

1. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा फर्म सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०७५।०७६ सम्मको करचुक्ता प्रमाणपत्र, नवीकरण इजाजत पत्र र आय कर दर्ता प्रमाणपत्रको १/१ प्रति **नोटरी प्रमाणित** प्रतिलिपी, कारोबार गर्न अयोग्य नभएको र कालो सूचीमा नपरेको स्वघोषणा अनिवार्य पेश गर्नुपर्नेछ ।
2. दरभाउपत्र फाराम वापत नगदै रु. १००० (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट मिति २०७७।०२।१२ गते कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । खरिद गरिएका सिलबन्दी दरभाउपत्रहरु २०७७।०२।१६ गते दिनको १२:०० बजे भित्र कार्यालयमा पेश गरिसक्नुपर्ने छ ।
3. पेश भएका दरभाउपत्रहरु सोही दिनको ३:०० बजे कार्यालयमा खोलिनेछ । रीतपूर्वक पेश नभएका, म्याद नाघी आएका वा शर्त राखिएका दरभाउपत्रमाथि कुनै कारवाही गरिने छैन । दरभाउपत्रदाता प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
4. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मितिदेखि ४५ दिनको हुनेछ ।
5. दरभाउपत्रसाथ कबोल अंकको २.५ प्रतिशत रकम बराबरको क वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ३० दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Security) पेश गर्नुपर्नेछ । दरभाउपत्र जमानत नगदै यस कार्यालयको धरौटी खातामा पनि जम्मा गर्न सकिनेछ ।
6. दरभाउपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ । यसो भए तापनि दरभाउपत्र जमानत र दरभाउपत्रको मान्य अवधि माथि उल्लेखित नै हुनेछ ।
7. दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
8. यस सूचनामा उल्लेख नभएको सम्बन्धमा प्रचलित नियम कानून बमोजिम हुनेछ । थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| ठे.नं. | विवरण | अनुमानित ल.इ. रकम (भ्याट समेत) | कैफियत |
|---|---|---|---|
| SQ01/GOODS/076/077 | कम्प्यूटर ल्याब सामाग्री तथा स्मार्ट बोर्ड ढुवानी तथा जडान | १४०००००।- | |
| SQ02/GOODS/076/077 | बालमैत्री कक्षा व्यवस्थापनका लागि फर्निसिङ तथा अन्य सामाग्री ढुवानी जडान | १५०००००।- | |

प्रमुख प्रशासकीय अधिकृत